## विवाह-विच्छेद, विवाह-विघटन र छुटानामको बारेमा....तपाईंले के जान्नुपर्छ

**१/९/२०१५ मा अन्तिम पटक संशोधन गरिएको।**

ओहिओ कानूनले पति र पत्नीलाई तिनीहरूको वैवाहिक सम्बन्ध समाप्त गर्न अथवा परिवर्तन गर्नका निम्ति तीन वटा तरिकाहरू प्रदान गर्छ: कानूनी छुटानाम, विवाह-विच्छेद र विवाह-विघटन। (चौथो तरिका—निराकरण—यहाँ उल्लेख गरिनेछैन।) विवाह-विच्छेद वा विवाह-विघटन प्राप्त गर्नको निम्ति, तपाईंले उजुरी गर्नुभन्दा पहिले ओहिओमा कम्तीमा छ महिना बसोबास गरेको हुनुपर्छ। कनूनी छुटानाम चाहाने व्यक्तिहरूका निम्ति उजुरी गर्नुभन्दा पहिले ओहिओमा कुनै निश्चित समय अवधिभर बसोबास गरेको हुनुपर्छ भनेर कानूनले तोकेको *छैन। भेटघाट* तथा *साथसम्बन्धले* बाजेबोजुको परिवार जस्ता गैर-परिवारको अधिकारको बारेमा उल्लेख गर्दछ। *लालनपालनको समय* भन्नाले बालबालिकाले आफ्नो बाबुआमासँग बिताउने समय हो।

### कानूनी छुटानाम भनेको के हो?

कानूनी छुटानामले विवाहलाई कानूनी रूपमा समाप्त गर्दैन तर सम्पत्ति विभाजन, पति-पत्नी सहयोग, (लालन पालन समय र बाल सहायता लगायत) आमा/बाबु अधिकार र जिम्मेवारी सम्बन्धी विषयमा आदेश जारी गर्नको निम्ति अदालतलाई स्वीकृती प्रदान गर्दछ। सम्बन्धित पक्षहरू वैवाहिक अवस्थामा नै रहन्छन्, तर भिन्नै बस्छन्। जब अदालतले कानूनी छुटानाम प्रदान गर्छ, तब हरेक पक्षले अदालतले दिने निश्चित आदेशहरूलाई पालन गर्नुपर्छ।

### विवाह-विघटन भनेको के हो?

विवाह-विघटन भनेको एउटा त्यस्तो प्रक्रिया हो जसमा वैवाहिक जोडीले राजीखूसीसाथ आफ्नो वैवाहिक सम्बन्धलाई अन्त्य गर्न चाहान्छन्। विघटनद्वारा वैवाहिक सम्बन्धलाई अन्त्य गर्नको निम्ति कुनै पनि पक्षले आधार प्रमाणित गर्न आवश्यक छैन। षबै सम्पत्ति, पति-पत्नी सहयोग, र बालबच्चा सम्बन्धी कुनै पनि विषयसँग सम्बन्धित सम्झौतामा पति र पत्नीले हस्ताक्षर गरिसकेपछि निवेदन दायर गरिन्छ। सामूहिक रूपमा विवाह-विघटनको निम्ति निवेदन दायर गरिसकेपछि, अदालतले तिनीहरूको मुद्दालाई सुनुवाइ गर्नको निम्ति सम्बन्धित पक्षहरूले कम्तीमा ३० दिनसम्म पर्खनुपर्छ। मुद्दाको सुनुवाइ दायर निवेदन दायर गरिएको मितिले ९० दिनभित्रै हुनुपर्छ। सुनुवाइको समयमा, अदालतले सम्बन्ध-विच्छेदको सम्झौतालाई अवलोकन गर्नेछ, सम्पत्ति र दायित्व र लालनपालन विषयमा प्रश्न गर्नेछ, र सम्बन्धित पक्षहरूले बुझेका छन् कि छैनन् र सम्झौताप्रति दुवै पक्ष सन्तुष्ट छन् कि छैनन् त्यस सम्बन्धि प्रश्न गर्नेछ। यदि स्बन्धित पक्षहरू सहमत छन् र आफ्ना वैवाहिक सम्बन्धलाई अन्त्य गर्न चाहान्छन् भन्ने कुराप्रति अदालत सन्तुष्ट भएमा, अदालतले विवाह-वघटन प्रदान गर्नेछ र सम्बन्ध-विच्छेद सम्झौतालाई लागू गर्न आदेश दिनेछ।

## विवाह-विच्छेद भनेको के हो?

विवाह-विच्छेद भनेको विवाह अन्त्य गर्ने नागरिक मुद्दा हो--यसमा सम्पत्ति विभाजन, पति-पत्नी सहयोग र बालबच्चाको विषयमा अन्तिम निर्णय गर्न अदालतलाई उनुरोध गरिन्छ।

विवाह-विच्छेद पति वा पत्नीमध्ये एकजनाले सुरु गर्छ, जसलाई *वादी* भनिन्छ, र उनले अदालतको कर्मचारीकहाँ *उजुरी* दायर गर्दछ। उजुरीमा वादीले विवाह-विच्छेद गर्नुपर्ने उचित वैधानिक आधारहरूदाबी गर्नुपर्छ र अन्त्यमा तिनलाई प्रमाणित गर्नुपर्छ। वैधानिक आधारहरू र तपाईंको तथ्यहरूका बारेमा आफ्नो वकीलसँग छलफल गर्नुहोस्।

कर्मचारीले अर्को पक्ष, *प्रतिवादीकहाँ* "कार्यवाही अघि बढाई", उजुरी र हाजिर हुने आदेशको प्रति पठाउँदछ। यो कार्यवाही पत्रचार वा व्यक्तिगत रूपमा प्रदान गरी अघि बढाइन्छ। यदि प्रतिवादीको वसोवास थाहा छैन भने, समाचापत्रमा कानूनी सूचना प्रकाशित गर्ने कार्यवाहीको निम्ति प्रक्रिया रहेको छ। यस किसिमको कार्यवाही प्रकाशन विवाह-विच्छेद कागजात प्राप्त गर्नको निम्ति प्रभावकारी भए पनि पति-पत्नी तथा बाल सहयोग जस्ता विषयहरूका निम्ति आदेश जारी गर्नका निम्ति प्रभावकारी *हुँदैन।* कार्यवाहीको मितिदेखि, उजुरी तथा हाजिर आदेशको प्रतिउत्तर स्वरूप प्रतिक्रिया दिनको निम्ति प्रतिवादीसँग २८ दिनको समय अवधि हुन्छ। प्रतिवादीले विचार गरे अनुसार आधारहरू प्रस्तुत गरी प्रतिवादीले विवाह-विच्छेदको प्रतिदावी प्रदान गर्न सक्छ। उक्ति प्रतिदावीको प्रतिउत्तर स्वरूप दावी पक्षले प्रतिक्रिया दायर गर्दछ।

धेरैजसो विवाह-विच्छेद अन्त्यमा सम्झौताद्वारा समाधान गरिन्छ। सहमती गरिएको एउटा प्रस्तावित विवाह-विच्छेद तमसुक तयार गरिन्छ, र सम्बन्धित पक्षहरूद्वारा हस्ताक्षर गरी अदालतमा स्वीकृतीको निम्ति पेश गरिन्छ। शिघ्र सुनुवाइपछि, उक्त सम्झौतालाई न्यायाधीशद्वारा स्वीकृती दिइन्छ र अदालतको आदेश ठहर हुन्छ।

यदि सम्बन्धित पक्षहरूले तिनीहरूका सम्पूर्ण विवाद समाधान गर्नमा सहमत गर्न सकेनन् भने, ती विवादहरूलाई अदालतमा प्रस्तुत गरिन्छ। अदालतले सम्बन्धित पक्षहरूको प्रमाणलाई अवलकोन गर्नेछ र ओहिओ कानून अनुसार निर्णय गर्नेछ।

## विवाह-विच्छेद भएपनि कसरी सम्पत्ति विभाजन गरिन्छ।?

ओहिओ कानूनले वैवाहिक र छुट्टै सम्पत्तिलाई परिभाषित गर्दछ। **वैवाहिक सम्पत्ति** भनेको त्यस्तो सम्पत्ति हो जुन वैवाहिक अवधिमा आर्जन गरिन्छ, जस्तै, अचल सम्पत्ति, व्यक्तिगत सम्पत्ति, अमूर्त सम्पत्ति (जस्तै स्टक र

बांड र बैंक खाताहरू) र अवकाश योजनाहरू। वैवाहिक सम्पत्तिमा, पति वा पत्नीको परिश्रमद्वारा अथवा वैवाहिक रकमद्वारा व्यक्तिगत सम्पत्तिमा भएको मोल वृद्धि पनि पर्न सक्छ।

**छुट्टै सम्पत्तिमा,** उत्तराधिकारबाट प्राप्त सम्पूर्ण वास्तविक, व्यक्तिगत र अमूर्त सम्पत्तिहरू; विवाहभन्दा पहिले प्राप्त भएको सम्पत्तिहरू; छुट्टै सम्पत्तिबाट प्राप्त आम्दानी तथा लाभ जुन् वैवाहिक अवधिमा पति वा पत्नीको योगदानबाट प्राप्त भएको *हुँदैन;* यदि पति वा पत्नीमध्ये एकको लागि मात्र दिइएको कुरा प्रमाणित भएमा विवाहपछि प्राप्त उपहार; र (वैवाहिक अवधिमा गुमाइएको ज्याला तथा पारिश्रामिक, र वैवाहिक रकमद्वारा तिरिएको घाउचोट उपचार बिलको कुनै भागको क्षतिपूर्ति बाहेक) व्यक्तिगत क्षति तथा घाउचोटको कारण प्राप्त क्षतिपूर्ति पर्छन्।

वैधानिक कानून र मुद्दासँग सम्बन्धित उचित कानूनलाई लागू गरी, वैवाहिक जीवन कति समयसम्म रह्यो र यसले केलाई वैवाहिक स्पत्ति मान्छ, अदालतले सो कुराको निर्धारण गर्छ। समान विभाजन किन अनुचित हुन्छ सो कुरालाई अदालतले व्याख्या नगरेसम्म वैवाहिक सम्पत्ति बाराबर रूपमा बाँढिनुपर्छ विवाह-विच्छेद प्रदान गर्ने क्रममा, अदालतले कानूनमा सूचीकृत गरेको आठ निश्चित तत्वहरूलाई र यसले उचित र सान मान्ने तत्वहरूलाई लागू गर्नै पर्छ।

न्यायसंगत नतिजा प्राप्त गर्नको निम्ति जुनसुकै पक्षको छुट्टै सम्पत्तिबाट अर्को पक्षलाई *विभाजन गरिदिने* अधिकार पनि अदालतसँग रहेको हुन्छ। जब कुनै पक्षले, सम्पत्ति लुकाउने, रकम उडाउने, वा धोकापूर्ण ढङ्गले रकम प्रयोग गर्ने जस्ता आर्थिक अनैतिकता गरेको हुन्छ, अर्को पक्षलाई क्षतिपूर्ति प्रदान गर्नको निम्ति अदालतले अपराध गर्ने पक्षको छुट्टै सम्पत्तिबाट सम्पत्ति प्रदान गर्न सक्छ, अथवा वैवाहिक सम्पत्तिबाट ठूलो हिस्सा दिनसक्छ।

## पति-पत्नी सहयोग भनेको के हो?

ओहिओ कानूनमा गरिएको परिवर्तनले कुनैबेला भरण-पोषण भनी भनिने शब्दलाई *पति-पत्नी* सहयोग वाक्यद्वारा प्रतिस्थापन गरेको छ। यदि उचित र न्यायसंगत देखिएमा अदालतले पति-पत्नी सहयोग प्रदान गर्दछ, तर यो काम सम्पत्ति विभाजन पछि मात्रा गरिन्छ। यसरी प्रदान गर्ने क्रममा अदालतले १३ निश्चित तत्वहरूलाई ध्यान दिँदछ। यीमध्ये केही तत्वहरूमा, उमेर, कमाउने क्षमता र सम्बन्धित पक्षहरूको स्वास्थय अवस्था, वैवाहिक अवस्थाको समय अवधि र वैवाहिक जीवन अवधिमा जीवन स्तर आदि हुन्। अदालतले अरू कुनै पनि उचित पक्षलाई पनि विचार गर्न सक्छ।

**लालनपालन अधिकार र जिम्मेवारी कसरी विनियोजन गरिन्छ?**

यसभन्दा पहिले, ओहिओ अदालतले बच्चाको हेरचहारलाई दुईमध्ये कुनै एउटा पक्षलाई सुम्पन्थ्यो। हाल, अदालतले नबालक जसको उमेर १८ वर्ष भएको छैन वा उच्च माध्यमिक शिक्षा हासिल गरेको छैन उसको सबैभन्दा उत्तम हितको आधारमा लालानपालन अधिकार र जिम्मेवारीहरू विनियोजन गर्दछ। यी अधिकार र जिम्मेवारीहरू विनियोजन गर्ने क्रममा कहिलेकहीं बाँडफाट लालानपालन उचित मानिन्छ। यदि बच्चाको हेरचहारको निम्ति योजना पति/पत्नी वा दुवैले पेश गर्छ भने, अदालतले योजनालाई लागू गराउन सक्छ र बाँडफाट लालान पालन प्रदान गर्नसक्छ। यदि प्रास्तावित योजना बच्चाको उत्तम हितको निम्ति रहेको अदालतले नपाएमा, यसलाई संशोधन गर्न अनुरोध गरिन्छ अथवा बाँडफाट लालनपालनलाई खारेज गरिन्छ।

यदि कुनै पनि योजना पेश गरिएन भने, अदालतले बाँडफाट लालनपालन प्रदान गर्न सक्दैन र बाबु वा आमामध्येको एकलाई **एकलौटी** आवासीय आमा/बाबु नाम दिई, अर्को पक्षलाई उचित लालनपालन अधिकार प्रदान गरी बाबु र आमाबीच लालनपालन जिम्मेवारी प्रदान गरिन्छ।

यदि बाबु वा आमामध्ये एकले अनुरोध गरेमा, लालनपालन प्रबन्धको विषयमा अदालतले बच्चालाई व्यक्तिगत रूपमा कुराकानी गर्नैपछ। अदालतले बच्चाको निम्ति अबिभावक प्रतिनिधि नियुक्त गर्न सक्छ (वा परिवारले अनुरोध गरेको खण्डमा, यो गर्नै पर्छ), जसले वच्चाको अवस्थालाई निरिक्षण गरी अदालतमा पेश गर्नेछ। बच्चाको इच्छा र विचार र अबिभावक प्रतिनिधिको सिफारिसहरूलई अदालतले विचार गर्नेछ तर यसद्वारा बाध्य हुदैन।

ध्यान दिइने अन्य पक्षहरूमा बच्चाको मानसिक, भवनात्मक र मनोवैज्ञानिक विकास समावेश हुन्छ; आमाबाबु, दाजुभाइ-दिदीबहिनी र अन्य महत्वूर्ण व्यक्तिसँग बच्चाको कुराकानी; र विद्यालय, समुदाय र घरमा बच्चाको समायोजन आदि पर्दछन्। अदालतले बाबु/आमाको रूपमा लालनपालन गर्न सक्ने क्षमताको बारेमा पनि विचार गर्छ, सहयोग रकम प्रदान गरिएको छ, छैन, लालनपालनको समय इन्कार गरिएको छ कि, वा कुनै प्रकारको दुर्व्यवहार भएको छ कि। यदि बाबु वा आमाले स्थायी रूपमै राज्यबाट बसाईं सर्ने विचार गरेको छ भने, अदालतले यस विषयमा पनि विचार गर्दछ। केही अदालतले सम्बन्धित पक्षहरूलाई आफै लालनपालन समस्या समाधान गर्नको निम्ति मध्यस्तता सेवाहरू प्रदान गर्दछ।

**लालनपालन अधिकारहरू कसरी निर्धारण गरिन्छ?**

बच्चासँग सम्बन्धित हरेक मुद्दामा, लालनपालनको निम्ति अदालतले एउटा निश्चित सूची आदेश जारी गर्दछ। मुख्य ध्यान भनेको बच्चाको सबैभन्दा उत्तम हित हो। निर्धारण गर्ने क्रममा विचार गर्नु पर्ने धेरै तत्वहरूलाई ओहिओ कानूनले उल्लेख गर्दछ। ओहिओको हरेक प्रान्तमा सामान्य लालनपालन समय आदेश समेत हुनु पर्छ। यी

सामान्य लालनपालन समय आदेशहरू बच्चाको सबैभन्दा उत्तम हितको आधारमा हरेक मुद्दामा परिवर्तन गर्न सकिन्छ। उचीत मुद्दाहरूमा, अदालतले बच्चालाई बाबु/आमाबाहेकको व्यक्तिले साथ-सम्बन्ध/भेटघाट गर्ने अधिकार समेत प्रदान गर्न सक्छ, तर यो कुराद्वारा बच्चाको सबैभन्दा उत्तम हित हुने देखिएमा मात्र यसलाई प्रदान गरिन्छ।

लालनपालन समय अधिकारको विषयमा विस्तृत चर्चा "सम्बन्ध-विच्छेद भएपछिको बाँडफाट लालनपालन जिम्मेवारीहरूको विषयमा . . . तपाईंले के जान्नुपर्छ" नामक ओहिओ स्टेट बार एसोसिएसन पुस्तिकामा पाउन सकिन्छ।

**अस्थाई आदेशहरू भनेका के हुन्?**

मुद्दा विचाराधिन अवस्थामा रहेको अवस्थामा र अन्तिम निर्णय गरिनुभन्दा पहिले अदालतले अस्थाई आदेशहरू जारी गर्न सक्छ। अस्थाई आदेशको माग गर्ने व्यक्तिले अदालतमा प्रस्ताव पेश गर्दछ, उदाहरणको लागि, वैवाहिक वसोवास वा सवारीसाधन, परिवारिक अधिकारको विनियोजन, बाल सहयोग, पति-पत्नी सहयोग र कर्जा तिर्नुपर्ने जिम्मेवारी (जस्तै घर, भाडा रकम, र शुल्क खाताहरू)। यी अस्थाई आदेशहरू अदालतको विवाह-विच्छेद उर्दीभन्दा धेरै फरक हुनसक्छ।

प्रतिवन्ध आदेशले बाबु वा आमामध्ये एकलाई अथवा दुवैलाई अन्य कसैलाई केही निश्चित व्यवहार तथा क्रियाकलाप गर्नबाट रोक लगाउँदछ। पति वा पत्नीलाई दुर्व्यवहार गर्ने वा दुरुपयोग गर्ने, वैवाहिक सम्पत्ति तथा रकम हस्तान्तरण गर्ने वा प्रयोग गर्ने र बच्चालाई अर्को प्रान्तमा सार्ने जस्ता क्रियाकलापलाई रोक्नको निम्ति अदालतले यी आदेशहरू जारी गर्न सक्छ।

अदालतले जारी गरको सम्पूर्ण अस्थाई आदेशहरू र निरोधक आदेशहरूलाई लिखित रूपमा औपचारिक प्रस्ताव गरी परिवर्तन गर्न सकिन्छ। परिवर्तन नगरिएसम्म, अस्थाई आदेशहरू सामान्यतय अदालतले आदेशलाई अनुमोदन गरेको समयदेखि अन्तिम कार्वाही प्रदान गरिन्जेलसम्म लागू हुन्छ।

**बाल सहयोग कसरी निर्धारण गरिन्छ?**

ओहिओ कानूनले तोके अनुसार, बाल सहयोग निर्देशनहरू अनुसार बाल सहयोग हिसाब गरिनुपर्छ। बच्चाहरूको संख्या र बाबु-आमाको संयुक्त जम्मा रकम, साथै अन्य तत्वहरू र/वा क्रेडिटहरूका आधारमा बाल सहयोगको रकम निर्धारण गर्नको निम्ति प्रयोग गर्नैपर्ने आधारभूत सहयोग सूची तय गर्ने काम कानूनले गर्दछ। विस्तृत आम्दानीहरू भएका घरपरिवारमा बच्चाहरूलाई लालनपालन गर्ने औसत खर्चको आधारमा सहयोग सूची तयार गरिएको हुन्छ।

बाल सहयोगको उचित रकम तय गर्नको निम्ति, अदालतले बाबु र आमा दुवैको कुल आम्दानीलाई हिसाब गर्दछ र तिनलाई जोड्दछ। कुल आम्दानी रकम प्राप्त गर्नको निम्ति भुक्तान गरिएको कुनै पनि पति-पत्नी सहयोग रकमलाई प्राप्त गर्ने व्यक्तिको आम्दानीमा जोडिन्छ र भुक्तान गर्ने व्यक्तिको आम्दानीबाट घटाइन्छ। त्यसपछि जम्मा रकमलाई सहयोग कानूनमा प्रदान गरिएको आधारभूत चार्टमा बाल सहयोग तय गर्नको निम्ति प्रयोग गरिन्छ। मेडिकल विमा र आवश्यक बाल हेरचहार खर्चलाई गुणन गरिन्छ र प्रत्येक पक्षबाट जोडिएको वार्षिक जम्मा आम्दानीको आधारमा निश्केको प्रतिशतको आधारमा परिणामबाट निस्केको बाल सहयोग दायित्वलाई भाग लगाइन्छ।

यी हिसाबद्वारा निस्केको बाल सहयोग रकमलाई उचित भनी मानिन्छ। हिसाब गरिएको बाल सहयोग रकम न्यायसंगत नदेखिएमा र बच्चाको सबैभन्दा उत्तम हितमा नदेखिएमा, आधारभूत सहयोग टेबलभन्दा बाहिर जाने विवेक प्रयोग गर्ने अधिकार अदालतको हुन्छ। बच्चाको निम्ति स्वास्थ्य हेरचहार विमा र विमा नगरिएको स्वास्थ्य हेरचहार खर्चको निम्ति समेत अदालतले आदेश जारी गर्दछ। बाल सहयोग ओहिओ बाल सहयोग भुक्तान केन्द्र (Ohio Child Support Payment Central) द्वारा नै भुक्तान गरिनु पर्छ र यो सामान्यतया ज्याला कटौतीको माध्यमद्वारा गरिन्छ। थप जानकारीको निम्ति ओहिओ बार एसोसिएसन लफ्याक्टस को "बाल सहयोगको निम्ति... तपाईंले के जान्नुपर्छ" नामक पुस्तिका हेर्नुहोस्।

**उपभोक्ताको रूपमा मेरो जिम्मेवारीहरू के के हुन्?**

तपाईंको वकीलले नै तपाईंका अनुरोधहरूलाई अदालतमा प्रस्तुत गर्ने भएकोले, उपभोक्ताको रूपमा तपाईंको जिम्मेवारीहरू हुन्छन्। यो क्षेत्रको प्रक्रियामा तपाईंलाई निर्देश गर्नको निम्ति तपाईंको वकीलको अनुभवमा भर पर्नुहोस् र वकीलले तपाईंलाई के गर्नू भनी भन्छ त्यही गर्नुहोस्।

तपाईंको इच्छा र प्राथमिकताहरूका बारेमा तपाईंको वकीललाई स्पष्ट रूपमा बताउनुहोस्। तपाईंको वकीललाई अनुमान गर्न जबर्जस्ती नगर्नुहोस्।

तपाईंको वकीलसँग खुला र सत्य हुनुहोस्। तपाईं असत्य हुनुभएको र अदालतमा झूट बोल्नुभएको कुरा पछि थाहा पाइएमा, अदालतले तपाईंलाई दण्डित गर्नसक्छ। तपाईंको वकीलसँग तपाईंले गर्ने कुराकानी गोप्य हुन्छ। तपाईंले तपाईंको वकीललाई खुलसा गरेको लाजमर्दो वा हानिकारक जानकारीहरू प्रकट गर्नेछैन, तर सबै कुराहरू जानेमा तपाईंको वकीलले तपाईंलाई हानिकारक जानकारीहरूलाई कसरी सच्याउने र कसरी घटाउने त्यसबारे सहायता गर्न सक्छ। यदि तपाईंले आफ्नो वकीललाई महत्त्वपूर्ण सत्यताहरू खुलसा गर्नुभएन भने, तपाईं सत्यनिष्ठा हुनुभएको हुँदैन। अदालतमै मात्र अचानक कुरा खुलसा गर्नुभएमा तपाईं र तपाईंको वकीललाई असन्तुष्ट तुल्याउनेछ र तपाईंको कानूनी समस्यालाई समाधान गर्नको निम्ति बेफाइदा हुनेछ।

### एक पक्षको रूपमा मेरो जिम्मेवारीहरू के के हुन्?

तपाईंले अदालतलाई केही निश्चित सहायता तथा राहतको निम्ति अनुरोध गर्नुभएको छ, त्यसैले कानूनी कार्वाहीको एउटा पक्षको रूपमा अदालतप्रति तपाईंका जिम्मेवारीहरू छन्। अदालतले तपाईंको समस्याहरूलाई सम्बोधन गर्ने र समाधान गर्ने काम अदालत आदेशहरूद्वारा गर्दछ। अदालतको आदेशहरूप्रति तपाईं सहमत हुनुहुन्न भने पनि, तपाईंले तिनलाई पालन गर्नै पर्छ, अन्यथा तपाईंलाई दन्डित गरिनेछ। तपाईंले आफ्नो मुद्दालाई तपाईंको बेफाइदामा पनि राख्नुहुनेछ र अन्तिम समाधानमा ढिलाई हुनसक्छ। केही आदेशहरू न्यायसंगत छैनन् भन्ने तपाईंलाई लाग्छ भने, अदालतले गर्नसक्ने सम्भावित परिवर्तनहरूका निम्ति तपाईंले आफ्नो वकीलसँग कुराकानी गर्न सक्नुहुन्छ, तर आदेशहरू औपचारिक रूपमा परिवर्तन नगरिएसम्म, आदेशहरूलाई तपाईंले पालन गर्नै पर्छ।

### जाँच सूची

तपाईंको वकीलसँग यी विषयहरूमा पनि छलफल गर्नुहोस्: लाग्ने कर, बाँटफाट गरिएको लालनपालन, विवाहपूर्व सम्झौताहरू, विवादहरूको मध्यस्तता, अल्पकालीन र दीर्घकालीन ऋण, अबिभावक प्रतिनिधि, पेन्सन र अवकास योजना, निक्षेप, विशेषज्ञ साक्षी र खर्च, र वकील शुल्कहरू।

१/९/२०१५

*© जनवरी २०१५ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH  43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धरैजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.